DATE:

आज मिति २०७७।१।२ गते टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यु को अध्यक्षता र बागमती प्रदेश, प्रदेश सभा सदस्य माननीय श्री दिपक निरौला ज्यु को विशेष आतिथ्यतामा सम्पन्न भएको Covid-19 रोकथाम तथा नियन्त्रण सम्बन्धि स्वास्थ्य कर्मीहरु संगको बैठकको उपस्थिती तथा निर्णयहरु यस प्रकार छ ।

उपस्थिती :-

१. श्री प्रकाश अधिकारी प्रमुख टोखा नगरपालिका
२. श्री दिपक निरौला मा. सदस्य बागमती प्रदेश
३. श्री ज्ञान माया डंगोल नगर उपप्रमुख
४. श्री प्रदिप पौडेल प्रमुख प्र. अधिकृत
५. श्री बासु नेउपाने स्वास्थ्य अधिकृत
६. श्री रमेश लाल कुमाल स्वास्थ्य शाखा प्रमुख
७. श्री सुमा मैनाली अ.न.निरीक्षक
८. श्री वसन्त गैरे प.नि. स्व. अधिकृत
९. श्री सरिता पोखरेल सिनियर अ. न. ग्रेटर महाराजगंज स्वा.चौ.
१०. डा. श्री स्मृती रमाल मे.अ. टोखा-चण्डेश्वरी प्रा.स्वा.के.
११. श्री सुर्यलाल श्रेष्ठ सिनियर अ.न.म. स्वा.चौ.
१२. श्री सुषमा श्रेष्ठ हे.अ. ''
१३. श्री राधाकृष्ण श्रेष्ठ हे.अ. '' धापासी स्वा.चौ.
१४. श्री अनिता बुढा ज.स्वा.नि. गोंगबु स्वा.चौ.
१५. श्री सृजना भण्डारी स्टाफ नर्स शहरी स्वास्थ्य केन्द्र-११
१६. श्री कोष विलास बगाले सिनियर अधिकृत टोखा न.पा.

प्रस्ताव तथा निर्णयहरु.

१. कोरोना नियन्त्रण तथा रोकथामका लागि नगरपालिका स्तरीय मेडिकल टिम ~~अन्तर~~ गठन सम्बन्धमा इन्चार्जमा टोखा प्रा. स्वा. के का मेडिकल अफिसर को नेतृत्वमा एक जना पारामेडिक्स र एक जना नर्सिङ स्वास्थ्यकर्मी गरी तीन सदस्यीय टोलि गठन गरि निर्णय गरीयो। साथै उक्त

सोहि वडा हेर्ने स्वास्थ्य चौकी बाट स्वास्थ्यकर्मी खटिने गरी स्वास्थ्य शाखाले कार्यान्वयन, व्यवस्थापन गर्ने समेत निर्णय गरियो ।

२. covid-19 रोकथाम तथा नियन्त्रणका लागि हालसम्म चैत्र महिना भित्र विदेशबाट आएका तथा नगरपालिका भित्र संचालन भएको RDT परीक्षण गराएका व्यक्तिहरुको fever monitoring गर्न, नगरपालिकाले प्रत्येक दिन fever monitoring गरी रेकर्ड गर्ने निर्णय गरियो ।

३. कोरोना नियन्त्रण तथा व्यवस्थापनका लागि स्वयं सेवक परिचालन सम्बन्धमा छलफल गर्दा, यस नगरपालिका भित्र चैत्र महिना भित्र विदेशबाट आएका तथा जोखिममा रहेका व्यक्तिहरुको पहिचान तथा जनचेतना जगाउने कार्यको लागि 'समुदाय स्वयं सेवक परिचालन सम्बन्धि मार्गदर्शन २०७८' को, नगर ~~स्वयं सेवक परिचालन सम्बन्धि~~ पालिका स्तरमा कार्यान्वयन मार्गदर्शन २०७८ बमोजिम गर्ने निर्णय गरी एक हप्ता भित्र समुदाय परिचालन गरी विवरण संकलन गर्ने निर्णय गरियो ।

४. कोरोना महामारी रोकथाम तथा नियन्त्रणको लागि मिति २०७८/१/६ देखि विहान - वेलुका नगरपालिकाका सबै वडाहरुमा माइकिङ गर्ने निर्णय गरियो र यसको व्यवस्थापन स्वास्थ्य शाखाले गर्ने निर्णय गरियो ।

५. कोरोना RDT परीक्षण सम्बन्धमा छलफल गर्दा प्रत्येक वडा - वडामा घरदैलो पश्चात जोखिममा रहेका व्यक्तिहरुको पहिचान पश्चात परीक्षण गर्नुपर्ने मानिसहरुको पहिचान भएमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु मा समन्वय गरी नगरपालिका भित्र पुन RDT परीक्षण गर्ने निर्णय गरियो ।

पर्ने सामान, औजार, उपकरण तथा औषधि, सामाग्रीहरु खरीद सम्बन्धमा छलफल गर्दा उक्त प्रयोजनका लागि आवश्यक पर्ने क्लोरीन, मास्क, सेनिटाइजर, पंजा आदी जस्ता सामान खरीद गरी आवश्यकता अनुसार क्लोरीन छर्कने तथा सामाग्री व्यवस्थापन गर्ने स्वास्थ्य शाखाबाट प्रकिया अगाडी बढाउने निर्णय गरीयो ।

6. स्वास्थ्यकर्मीहरुको लागि प्रोत्साहन भत्ता सम्बन्धमा छलफल गर्दा, नगरपालिका भित्र कार्यरत स्वास्थ्य कर्मीहरुलाई कोरोना महामारी विरुद्ध अझ उत्साहित भै काम गर्ने गराउन स्वास्थ्य शाखाले पेश गरे अनुसार गर्ने गरी निर्णय गरीयो ।